नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
**सडक विभाग**
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय

# महाकाली कोरिडोर सडक योजना

(ब्रह्मदेव-झुलाघाट-दार्चुला-टिंकर)
दार्चुला

मिति : २०८३/०६/०८

## सार्वजनिक सूचना

**विषय: वर्षाका कारण अत्यावश्यक कामबाहेक सडकमा यात्रा नगर्ने सम्बन्धी सूचना**

यस महाकाली करिडोर सडक योजना अन्तर्गत निर्माणाधीन तथा सञ्चालनमा रहेका सडक खण्डहरूमा हाल मौसम प्रतिकूल भई **लगातार/भारी वर्षा हुन सक्ने मौसम पूर्वानुमान** रहेको हुँदा सडकमा पहिरो,ढुंगा-माटो खस्ने, सडक हिलाम्मे हुने, बाढी तथा खोलानालामा पानीको बहाव बढ्ने लगायतका जोखिम हुन सक्ने अवस्था रहेको छ।

यस परिस्थितिलाई मध्यनजर गर्दै **महाकाली करिडोर सडक योजना** अन्तर्गतका सडक खण्डहरूमा यात्रा गर्ने सम्पूर्ण सर्वसाधारण, यात्रु तथा सवारी चालकहरूलाई **अत्यावश्यक कामबाहेक यात्रा नगर्न तथा अत्यन्त सावधानी अपनाउन** हार्दिक अनुरोध गरिन्छ।

अत्यावश्यक अवस्थामा यात्रा गर्नुपर्ने भएमा:

- मौसम तथा सडकको अवस्था बुझेर मात्र यात्रा गर्नुहोस्।
- सम्भावित पहिरो तथा बाढी प्रभावित स्थानमा विशेष सावधानी अपनाउनुहोस्।
- जोखिमयुक्त सडक खण्डमा सवारी साधन नरोक्नुहोस्।
- सडकमा खसेको ढुंगा, माटो वा पानीको बहाव देखिएमा जबरजस्ती अगाडि नबढ्नुहोस्।
- सम्बन्धित सुरक्षा निकाय तथा योजना कार्यालयको सूचनालाई पालना गर्नुहोस्।

**सडक प्रयोगकर्ताको सुरक्षा नै हाम्रो पहिलो प्राथमिकता भएकाले प्रतिकूल मौसमका समयमा अनावश्यक यात्रा नगरी सुरक्षित रहन सम्पूर्ण सर्वसाधारणमा अनुरोध गरिन्छ।**

**योजना प्रमुख**